# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, जेठ ६ गते २०४८ साल (संख्या ६

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले टीकापुर विकास समिति गठन आदेश, २०२८ को दफा २ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४०, मिति २०४७।४।२६ संख्या १८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित टीकापुर विकास समितिको सदस्यहरूमा देहाय बमोजिमको हेरफेर गरेको छः–

(छ) प्रमुख, भवन र आवास तथा शहरी विकास शाखा कैलाली जिल्ला – सदस्य

(ज) डि.इ. श्री किशोर थापा, टीकापुर विकास समिति – सदस्य-सचिव

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

स्वास्थ्य मन्त्रालयका का.मु. सचिव श्री सुवर्णजङ्ग राणा विश्व स्वास्थ्य संघको साधारण सभामा भाग लिन जेनेभातर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव डा. नरेन्द्रबहादुर राणालाई मिति २०४८।१।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

मधुसूदनप्रसाद गोर्खाली

श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४७।४।१ को निर्णयानुसार सञ्चार मन्त्रालय अन्तर्गतका नेपाल इञ्जिनियरिङ्ग सेवा, इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन समूहको देहायका पद खारेज गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

| स्थान | श्रेणी | पद नाम | पद संकेत नं. |
|---|---|---|---|
| १. पोखरा इञ्जिनियरिङ्ग स्टेशन | रा.प. द्वितीय (उप-सचिवस्तर) | एक्जुकेटिभ इञ्जिनियर | स.प्र. ०६।३ |
| २. प्रसार विभाग | रा.प. तृतीय (शा.अ. स्तर) | अ.इ | स.प्र. ०७।४ |
| ३. " | " | " | स.प्र. ०७।७ |
| ४. " | " | " | स.प्र. ०७।३ |
| ५. " | " | " | स.प्र. ०७।८ |
| ६. " | " | " | स.प्र. ०७।५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४७।४।१ को निर्णयानुसार नयाँ सृजना भएका देहायका पदहरूको समूह निर्धारण सूची मिति २०४६।६।१४ देखि लागू हुने गरी देहायबमोजिम कायम गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | स्थान | सेवा | श्रेणी | स्तर | समूह, उप-समूह | पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | संचार मन्त्रालय | इन्जिनियरिङ | प्रथम | सह-सचिव | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन | श्री महेशप्रसाद अधिकारी | पदाधिकार-को लागि मात्र कायम |
| २ | ,, | ,, | द्वितीय | सहायक सचिव | ,, | श्री केदारजंग थापा | ,, |
| ३ | ,, | ,, | ,, | ,, | ,, | श्री विष्णुप्रसाद सिवाकोटी | ,, |
| ४ | ,, | ,, | ,, | ,, | ,, | श्री राजेन्द्रबहादुर श्रेष्ठ | ,, |
| ५ | ,, | ,, | ,, | ,, | ,, | श्री रामशरण कार्की | ,, |
| ६ | ,, | ,, | ,, | ,, | ,, | श्री सोहनबहादुर न्याछ्यो | ,, |
| ७ | ,, | ,, | तृतीय | शा.अ. | ,, | श्री प्रेमरत्न शाक्य | ,, |
| ८ | ,, | ,, | ,, | ,, | ,, | श्री बसन्तकेशर पण्डित क्षेत्री | ,, |
| ९ | ,, | ,, | ,, | ,, | ,, | श्री यादव ठाकुर | ,, |
| १० | ,, | ,, | ,, | ,, | ,, | श्री गगनलाल जोशी | ,, |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

929

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | संचार मन्त्रालय | इन्जि. | तृतीय | शा. प्र. | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन | श्री सूदन खत्री | पदाधिकार-को लागि मात्र कायम |
| १२ | " | " | " | " | " | श्री पद्मज्योति धाख्वा | " |
| १३ | " | " | " | " | " | श्री मधुसूदन थापा | " |
| १४ | " | " | " | " | " | श्री कुमार खड्का | " |

आज्ञाले,
माधवराज भण्डारी
श्री ५ को सरकारको का. मु. सचिव

## भूलसुधार

नेपाल राजपत्र खण्ड ४१ मिति २०४८।१।३० संख्या ५ भाग ४ मा प्रकाशित यस सचिवालयको सूचनाको अन्तिम हरफमा मिति २०४८।१।४ हुनुपर्नेमा मिति २०४८।२।४ हुन गएकोले भूलसुधार गरिएको छ ।

राष्ट्रिय योजना आयोगको सचिवालय

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार